# कानून किताब व्यवस्था समिति गठन आदेश

२०२१-४-३०

## कानून किताब व्यवस्था समिति
## बबरमहल

# कानून किताब व्यवस्था समिति
# गठन आदेश

नेपाल राजत्रमा प्रकाशित मिति

| संशोधन | | |
|---|---|---|
| | | २०२१।४।३० |
| १. | कानून किताब (व्यवस्था र वितरण) (पहिलो संशोधन) आदेश, २०३८ | २०३८।१०।२६ |
| २. | कानून किताब (व्यवस्था र वितरण) (दोस्रो संशोधन) आदेश, २०४० | २०४०।१२।२७ |
| ३. | कानून किताब (व्यवस्था र वितरण) (तेस्रो संशोधन) आदेश, २०६६ | २०६६।११।३ |
| ४. | कानून किताब (व्यवस्था र वितरण) (चौथो संशोधन) आदेश, २०६७ | २०६७।९।२६ |
| ५. | कानून किताब (व्यवस्था र वितरण) (पाँचौं संशोधन) आदेश, २०७३ | २०७३।११।९ |

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो आदेशको नाम "कानून किताब (व्यवस्था र वितरण) आदेश, २०२१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

⌧२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको कानून किताब व्यवस्था समिति सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा समितिको सदस्य-सचिव समेतलाई जनाउँछ ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा ४ख. बमोजिम नियुक्त वा तोकिएको समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

*(ङ) "मन्त्रालय" भन्नाले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो आदेश अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

⌧३. समितिको गठन : (१) कानून किताब व्यवस्था समिति नामको एउटा समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) मन्त्रालयको सचिव वा निजले तोकेको सो मन्त्रालयको सह-सचिव - अध्यक्ष

(ख) प्रतिनिधि (सह-सचिवस्तर), अर्थ मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि (सह-सचिवस्तर), गृह मन्त्रालय - सदस्य

▲(घ) ......................

---

⌧ तेस्रो संशोधनद्वारा संशोधित ।

* पाँचौं संशोधनद्वारा संशोधित ।

▲ चौथो संशोधनद्वारा झिकिएको ।

▲(ङ) ....................

▲(च) ....................

(छ) नेपाल बार एशोसिएशनको अध्यक्ष वा अध्यक्षले तोकेको सो एशोसियसनको पदाधिकारी - सदस्य

(ज) कार्यकारी निर्देशक - सदस्य-सचिव

४. **समितिको कर्तव्य र अधिकार : (१) समितिले मुख्य तया निम्न लिखित काम गर्नेछ,-**

(क) नेपाल कानूनको संकलित वा फुटकर रुपमा, छपाउने, विक्री वितरण गर्ने, उपहार वा उधारोमा दिने,

⊠(ख) समितिको दीर्घकालीन तथा अल्पकालीन योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) नेपाल कानूनलाई विदेशी भाषामा र विदेशी वा अन्तरार्ष्ट्रिय कानूनहरुलाई नेपाली भाषामा अनुवाद गर्ने, वा गराउने प्रकाशित गर्ने,

⊠(घ) विभिन्न पुस्तक, डायरी, रसिद आदि छपाई गर्ने, गराउने,

(२) ⊠उपदफा (१) **को उद्देश्य पुर्तिका लागि समितिले निम्न लिखित काम गर्न सक्नेछ :-**

**(क) किताब छपाउनका लागि कागजहरु खरिद गर्ने र संग्रह गर्ने,**

**(ख) आवश्यक शर्तमा मुद्रक वा छापाखानाको बन्दोबस्त गर्ने वा आफै छापाखाना चलाउने,**

**(ग) विक्री वितरणको लागि ⊠नेपालको विभिन्न भागमा वा आवश्यक परे विदेशमा समेत विक्रेताको बन्दोबस्त गर्ने,**

⊠(घ) समितिको कोषमा जम्मा भएको रकम कुनै बैंकमा मुद्दती खाता खोली जम्मा गर्ने,

**(ङ) वार्षिक बजेट तयार पारी आम्दानी खर्चको व्यवस्था गर्ने, आफ्नो कामको सञ्चालनको लागि आवश्यकतानुसार कर्मचारी भर्ना गर्ने तथा फि तलब भत्ता ठेक्ने,**

**❒(ङ१) आवश्यकता अनुसार अन्य समिति तथा उप-समितिहरु गठन गर्ने,**

**❒(ङ२) नेपाल सरकारको पूर्व स्वीकृति लिई वैंक वा अन्य कुनै वित्तिय संस्थासंग ऋण लिने,**

**(च) आफ्नो कार्यको सम्बन्धमा अरु अनुसंगिक तथा प्रासंगिक व्यवस्था गर्ने,**

**❒(च१) नेपाल सरकारले तोकेको अन्य कार्यहरु गर्ने ।**

●४क. समितिको बैठक र निर्णय : (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सामान्यतया बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाडि सदस्यहरुलाई दिनु पर्नेछ र त्यस्तो सूचनामा बैठकमा छलफल हुने विषय सूची समेत संलग्न गर्नु पर्नेछ ।

---

▲ चौथो संशोधनद्वारा झिकिएको ।
⊠ तेस्रो संशोधनद्वारा संशोधित ।
❒ **दोस्रो संशोधनद्वारा थप ।**
● तेस्रो संशोधनद्वारा थप ।

(४) समितिको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारित गरे बमोजिम हुनेछ ।

●४ख. कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था : (१) समितिको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य सञ्चालन गर्नको लागि एक कार्यकारी निर्देशक हुनेछ ।

(२) मान्यता प्राप्त विश्वविद्यालयबाट वाणिज्य शास्त्र वा व्यवस्थापनमा स्नातककोत्तर उपाधि हासिल गरेका व्यक्तिहरुमध्येबाट तोकिए बमोजिम खुल्ला प्रतिस्पर्धाको आधारमा समितिले कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

❋(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कम्तीमा स्नातकोपाधि हासिल गरेको समितिको वहालवाला कर्मचारी सो उपनियम बमोजिम हुने खुला प्रतिस्पर्धामा उम्मेदवार हुन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मको लागि मन्त्रालयले समितिबाटै पारिश्रमिक र सुविधा पाउने गरी नेपाल न्याय सेवा, कानून समूहको कम्तीमा राजपत्राङ्कित द्वितिय श्रेणीको कुनै अधिकृत वा समितिमा बहाल रहेको वरिष्टतम अधिकृतलाई ▲................ कार्यकारी निर्देशकको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ ।

⏭(४) उपदफा (२) वा (३) बमोजिम नियुक्त वा तोकिएको कार्यकारी निर्देशकको पदावधि क्रमश: चार वर्ष र बढीमा चार वर्षको हुनेछ र समितिले निजको काम सन्तोषजनक देखेमा एक पदावधि थप गर्न सक्नेछ ।

(५) समितिको वहालवाला कुनै कर्मचारी उपदफा (२) बमोजिम कार्यकारी निर्देशकको पदमा नियुक्त भएमा उपदफा (४) बमोजिम निजको पदावधि समाप्त भएपछि निज समितिको सेवाबाट स्वतः अवकाश हुनेछ ।

❋(५क) समितिले आवश्यक देखेमा कार्यकारी निर्देशकले गर्नु पर्ने कामसँग सम्बन्धित विषयमा निजसँग कार्य सम्पादन सम्झौता गर्न सक्नेछ ।

❋(५ख) समितिले प्रत्येक वर्ष कार्यकारी निर्देशकसँग गरिएको कार्य सम्पादन सम्झौता बमोजिम निजले काम गरे वा नगरेको विषयमा समीक्षा गर्नु पर्नेछ ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकले ❋उपदफा (५क) बमोजिम गरिएको कार्य सम्पादन सम्बन्धी सम्झौता बमोजिम वा आफ्नो पद अनुरुपको काम नगरेमा समितिले निजलाई पदावधि समाप्त हुनु अगावै सो पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

---

● तेस्रो संशोधनद्वारा थप ।
❋ चौथो संशोधनद्वारा थप ।
▲ चौथो संशोधनद्वारा झिकिएको ।
⏭ चौथो संशोधनद्वारा संशोधित ।

(७) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा तोकिए बमोजिम हुनेछ । त्यसरी नतोकिएसम्म निजको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा समितिले तोके बमोजिम हुनेछ ।

(८) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ख) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(घ) समितिको काम, कारवाही सुव्यवस्थित तरिकाबाट सञ्चालन गर्न आवश्यक काम गर्ने,

(ङ) तोकिए बमोजिम अन्य कार्य गर्ने, गराउने ।

५. समितिको कोष : समितिको कोषमा देहायका रकमहरु रहनेछन् र समितिको खर्च सबै सोही कोषबाट व्यहोरिने छ,-

(क) नेपाल सरकारबाट अनुदानको रुपमा प्राप्त रकमहरु,

(ख) किताबहरु विक्री वितरण गर्दा प्राप्त रकमहरु,

(ग) अनुवादको शुल्कबाट प्राप्त रकमहरु,

✦(घ) नेपाल सरकार मार्फत कुनै विदेशी सरकार वा अन्तरार्ष्ट्रिय संघ संस्थाबाट प्राप्त रकमहरु, (सहायता स्वरुप समितिलाई प्राप्त भई अरु रकमहरु भन्ने वाक्यांशको सट्टा उपरोक्तानुसार संशोधन गरिएको),

❒(ङ) समितिले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकमहरु ।

●५क. समितिको लेखा र लेखा परीक्षण : (१) समितिको आय व्ययको लेखा व्यवसायिक लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) समितिको नेपाल सरकारले अपनाएको कार्यविधिबाट आन्तरिक लेखा परीक्षण गराउनु पर्नेछ ।

(३) समितिको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

नेपाल सरकारले चाहेमा समितिको आय व्ययको लेखा, सो सम्बन्धी कागजात र अन्य नगद वा जिन्सी जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ ।

⏭५ख. समितिको वार्षिक प्रतिवेदन : समितिले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र वर्षभरिमा आफूले सम्पादन गरेको काम कारवाहीको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायका विषय उल्लेख गर्नु पर्नेछ :-

(क) समितिको वार्षिक योजना र कार्यक्रम,

(ख) खण्ड (क) बमोजिमको योजना र कार्यक्रमको कार्यान्वयन तथा त्यसको उपलब्धि,

---

✦ **दोस्रो संशोधनद्वारा संशोधित ।**
❒ **दोस्रो संशोधनद्वारा थप ।**
● तेस्रो संशोधनद्वारा थप ।
⏭ चौथो संशोधनद्वारा संशोधित ।

(ग) समितिको आर्थिक स्थिति,

(घ) समितिबाट बिक्री भएका कानून किताब र सो बापत प्राप्त रकमको विवरण,

(ङ) कानून सम्बन्धी लिखतहरुको अनुवादबाट प्राप्त रकमको विवरण,

(च) समितिबाट आर्जन गरेको कुल रकम र नेपाल सरकारलाई भुक्तानी गरेको करको विवरण,

(छ) समितिमा कार्यरत कर्मचारीहरुको विवरण,

(ज) समितिको वार्षिक प्रशासनिक खर्च,

(झ) समितिमा गर्नुपर्ने सुधार तथा सो को विवरण,

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन समितिले प्रत्येक वर्ष सार्वजनिक गर्नु पर्नेछ ।

●५ग. बैठक भत्ता : समितिका सदस्यहरुले बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

६. **प्रमाणित गर्ने : समितिको तर्फबाट गरिने** ⌧सबै पत्र व्यवहार कार्यकारी निर्देशक वा निजले तोकेको समितिका अधिकृतस्तरका कर्मचारीले प्रमाणित गर्नेछन् **र समितिको तर्फबाट छपाइएको किताबहरुमा समितिको नामको उल्लेख गरी विशेष मनोग्राम छाप लगाइने छ ।**

❁६क. **निर्देशन दिन सक्ने : (१) मन्त्रालयले समितिद्वारा गरिने काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।**

**(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।**

📖७. **विनियम बनाउने अधिकार : समितिले आफ्नो कार्य सञ्चालनको लागि *मन्त्रालयको स्वीकृतिलिई आवश्यक विनियमहरु बनाउन सक्नेछ ।**

❒८. **नेपाल सरकारसंग सम्पर्क : समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा कानून तथा न्याय मन्त्रालय मार्फत राख्नु पर्नेछ ।**

❒९. **समितिको कार्यालय : समितिको कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ ।**

---

● तेस्रो संशोधनद्वारा थप ।
⌧ तेस्रो संशोधनद्वारा संशोधित ।
❁ चौथो संशोधनद्वारा थप ।
📖 **पहिलो संशोधनद्वारा थप ।**
* पाँचौं संशोधनद्वारा संशोधित ।
❒ **दोस्रो संशोधनद्वारा थप ।**